**मिति** : २०७७ भदौ २९

# अन्तरपार्टी निर्देशन – ५

अध्यक्षद्वय कमरेडहरू केपी शर्मा ओली र पुष्पकमल दाहाल 'प्रचण्ड'को अध्यक्षतामा १० असार २०७७ बाट सुरु भएको नेपाल कम्युनिष्ट पार्टी (नेकपा), स्थायी कमिटीको पाचौँ बैठक २६ भदौ २०७७ मा सम्पन्न भयो । अप्रिय एवम् कटूतापूर्ण बन्दै गएको पार्टीभित्रको अन्तरविरोध, पार्टी तथा सरकारको काम र कोविड- १९ को महामारी तथा सीमा समस्याजस्ता ज्वलन्त विषयहरूमा केन्द्रित भएको यो बैठक पार्टी इतिहासमै विशिष्ट महत्वको हुनपुगेको छ । बैठक चल्दै गर्दा हामी यसलाई सफलतापूर्वक सम्पन्न गर्न सक्छौं वा सक्तैनौं ? पार्टीको एकता अक्षुण्ण रहन्छ वा रहँदैन ? भन्नेसम्मको अवस्था उत्पन्न हुन पुग्यो । यस पार्टीमा विग्रह र विभाजनको अपेक्षा गरेका देशी-विदेशी प्रतिक्रियावादी शक्तिहरू उत्साहित हुने र पार्टीका नेता, कार्यकर्ता, सदस्य तथा आम नेपाली जनता चिन्तित र निराश हुनेसम्मको अवस्था देखापर्‍यो ।

अन्ततः हामी पार्टीभित्रको तिक्ततापूर्ण अन्तर्विरोधलाई व्यवस्थापन गर्न, पार्टी एकताको रक्षा गर्न र पार्टीलाई राष्ट्रिय अभिभारामा केन्द्रित गर्न समर्थ भएका छौं । बैठकको बीचमा २०७७ साउन ३० गते अध्यक्षद्वयको निर्णयबाट महासचिव कमरेड विष्णुप्रसाद पौडेल संयोजक र कमरेडहरू जनार्दन शर्मा, पम्फा भुसाल, भीमबहादुर रावल, शंकर पोखेल र सुरेन्द्रप्रसाद पाण्डे सदस्य रहनुभएको 'समस्या समाधान सुझाव कार्यदल' गठन भयो । उक्त कार्यदललाई भदौ १ गते सम्पन्न केन्द्रीय सचिवालयको बैठकले अनुमोदन गर्‍यो । कार्यदलले पार्टीको आन्तरिक जीवनमा उत्पन्न समस्या र स्थायी कमिटीको पाचौँ बैठकका कार्यसूचीमा केन्द्रित भएर २०७७ भदौ ६ गते सुझाव प्रतिवेदन प्रस्तुत गर्‍यो । भदौ १८ गते सम्पन्न केन्द्रीय सचिवालयको बैठकमा उक्त प्रतिवेदन प्रस्तुत भयो । सचिवालयको बैठकले मूलतः कार्यदलको प्रतिवेदन माथि आधारित हुँदै र बैठकमा व्यक्त विचारहरूलाई समेत यथोचित ध्यान दिँदै स्थायी कमिटीको बैठकसमक्ष प्रस्ताव प्रस्तुत गर्ने जिम्मेवारी अध्यक्षद्वयलाई प्रदान गर्‍यो । तदनुरूप २०७७ भदौ २६ गते सम्पन्न स्थायी कमिटीको बैठकमा अध्यक्षद्वयबाट प्रस्तुत प्रस्तावका सम्बन्धमा गम्भिरतापूर्वक छलफल भयो । बैठकले उक्त प्रस्ताव आवश्यक सुझावसहित सर्बसम्मतिका साथ पारित गर्ने निर्णय गरेको छ । स्थायी कमिटीको सोही निर्णयका आधारमा यो अन्तरपार्टी निर्देशन - ५ जारी गरिएको छ ।

## १. पार्टी एकताको महत्वलाई आत्मसात गर्ने

नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) बीचको एकीकरणबाट नेपाल कम्युनिष्ट पार्टी (नेकपा) गठन हुनु ऐतिहासिक एवम् दूरगामी महत्वको घटना हो । यस एकताले राजनीतिक स्थायित्व सुनिश्चित गर्नुका साथै संविधाको रक्षा एवम् कार्यान्वयन गर्ने, सामाजिक न्यायसहितको विकास



• धुम्बाराही: फोन: +९७७ १ ४३७८०५५, ४३७८०९०, फ्याक्स: +९७७ १ ४०१५९८० • पेरिसडाँडा: फोन: +९७७ १ ४६०२२९०, ४६०२२८८, फ्याक्स: +९७७ १ ४६०२२८९
पोष्टबक्स नं. ५४७१, ईमेल : info@ncp.org.np, वेबपेज: www.ncp.org.np

एवम् समृद्धि हासिल गर्ने र जनताको जनवाद कार्यान्वयन गर्दै समाजवादतर्फ अधि बढ्ने बलियो आधार प्रदान गरेको छ ।

संविधानसभाबाट संविधान निर्माण गर्ने जटिल जिम्मेवारी हाम्रो एकता र अग्रसरतामा सफल भएको थियो । असम्भवझैं ठानिएको चुनावी गठबन्धन र ऐतिहासिक पार्टी एकता पनि हाम्रै दूरदृष्टि, सुझबुझपूर्ण र साहसिक निर्णयको परिणाम थियो । तर अभूतपूर्व, असाधारण र ऐतिहासिक महत्वका कामहरूद्वारा इतिहासको गतिलाई तीव्रता दिने र नेपाली समाजको परिवर्तन तथा प्रगतिको प्रवाहलाई गतिदिने नेतृत्वपंक्तिको ध्यान एकता प्रक्रियाका बाँकी काम समयमै सम्पन्न गर्ने र आन्तरिक जीवनमा उत्पन्न अन्तर्विरोध समाधान गर्दै पार्टी एकतालाई बलियो बनाउने विषयमा केन्द्रित हुनसकेन । पार्टी एकतालाई अक्षुण्ण राख्दै र पार्टीभित्रको अन्तर्विरोधलाई सकारात्मक ढंगले समाधान गर्दै उद्देश्य केन्द्रित भएर अघि बढ्नुको साटो पार्टी एकता नै संकटमा पर्ने गरी अन्तर्विरोध बढ्दै गयो । नेपाली जनता र नेपाल राष्ट्रको स्थायित्व र उन्नति देख्न नचाहने शक्ति, प्रवृत्ति तथा पात्रहरूले यस पार्टीमा विग्रह र विभाजनको अपेक्षा गर्नु अनौठो कुरा होइन । तर पार्टीभित्र उत्पन्न असमझदारी तथा अन्तरविरोध समाधान गर्नमा असमर्थ हुँदै जाँदा यस पार्टीमा विग्रह र विभाजन चाहने शक्ति र प्रवृतिलाई मद्दत पुग्ने स्थिति देखापऱ्यो । फलस्वरूप एकताबद्ध पार्टी र यसको नेतृत्वमा विकास, समृद्धि, सामाजिक न्याय र समाजवादको बाटोमा अग्रसर हुने वा विभाजन र सर्वनाशतर्फ धकेलिने भन्ने सम्मको स्थिति उत्पन्न भयो ।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा)लाई एकताबद्ध, सुदृढ र सबल तुल्याउन नसक्दा संघीय लोकतान्त्रिक गणतन्त्रलगायत विगतका उपलब्धिहरूलाई जोगाउन, राष्ट्रिय सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता एवम् स्वाभिमानको रक्षा गर्न र विकास, समृद्धि एवम् सामाजिक न्याय सुनिश्चित गर्दै समाजवादतर्फ अघि बढ्न कठीन हुने कुरा छर्लङ्ग छ । त्यसैगरी पार्टी एकता जोगाउन र जनता एवम् राष्ट्रको पक्षमा क्रियाशील रहन सक्दा मुलुकमा लामो समयसम्म यस पार्टीको अविच्छिन्न नेतृत्व रहने पनि सुनिश्चित छ । तसर्थ पछिल्ला दिनहरूमा पार्टीको आन्तरिक जीवनमा प्रकट भएका तिक्ततापूर्ण अन्तर्विरोधहरूले पार्टी एकताको औचित्य र पार्टी एकताबाट प्राप्त भएका ऐतिहासिक उपलब्धिहरूलाई खण्डित गर्न सक्तैनन् ।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) भित्र उत्पन्न अन्तर्विरोधहरूको समाधान केवल यस पार्टीका लागि मात्र होइन, आम जनता र सिङ्गो राष्ट्रका लागि समेत अपरिहार्य हुन आएको छ । तदनुरूप कार्यकर्ता र जनताबाट व्यक्त भएको चासो, चिन्ता र खबरदारीले पार्टी एकता अक्षुण्ण राख्न र समस्या समाधान गर्दै अघि बढ्न प्रेरणा प्रदान गरेको छ । नेता, कार्यकर्ताबाट पार्टी एकताको पक्षमा भएका प्रयासहरू र नेतृत्वपङ्क्तिमा अन्तरनिहीत चाहनाले आपसी अन्तर्विरोध समाधान गर्दै सहमति र एकतातर्फ अग्रसर हुन सम्भव भएको छ । तसर्थ यो बैठक,

१.१ अन्तरविरोध उत्पकर्षमा पुगेर स्थायी कमिटीको बैठक समेत अवरुद्ध हुनगएको परिस्थितिको गंभीरतालाई महशुस गर्दछ । विगतका कमीकमजोरीहरूबाट शिक्षा लिने, पार्टी भित्रका,



• धुम्बाराही: फोन: +९७७ १ ४३७८०५५, ४३७८०९०, फ्याक्स: +९७७ १ ४०१५९८० • पेरिसडाँडा: फोन: +९७७ १ ४६०२२९०, ४६०२२८८, फ्याक्स: +९७७ १ ४६०२२८९
पोष्टबक्स नं. ५४७१, ईमेल : info@ncp.org.np, वेबपेज: www.ncp.org.np

विशेषतः नेतृत्व तहका असमझदारी, अविश्वास र अन्तरविरोध समाधान गर्ने, परस्परमा विश्वास कायम गर्ने र पार्टी एकताको रक्षा एवम् विकास गर्ने संकल्प गर्दछ। सबै खाले प्रतिकृयावादी तथा अवसरवादी षडयन्त्र तथा दाउपेचहरूलाई चिर्दै पार्टी एकतालाई अक्षुण्ण राख्ने र जनता एवम् राष्ट्रको हितमा समर्पित, निस्वार्थ एवम् सिद्धान्तनिष्ठ एकताको पक्षमा दृढताका साथ उभिने प्रतिज्ञा गर्दछ।

१.२ नेपाल कम्युनिष्ट पार्टी (नेकपा)को सुदृढ एकता लोकतन्त्र, राष्ट्रिय हितको संरक्षण, विकास, समृद्धि एवम् सामाजिक न्यायको पूर्वशर्त बन्न पुगेको तथ्यलाई आत्मसात गर्दछ। केन्द्र सरकार, ६ प्रदेश सरकार र अधिकांश स्थानीय तहमा रहेर मुलुकलाई नेतृत्व गर्न नेपाली जनताले सुम्पिएको युगिन अभिभारालाई निष्ठा एवम् योग्यताका साथ बहन गर्ने प्रण गर्दछ। राष्ट्रिय स्वाधीनताको रक्षा र सामाजिक न्याय सहितको विकास एवम् समृद्धि सुनिश्चित गर्न र समाजवादको आधार तयार गर्न निरन्तर कृयाशील रहने अठोट गर्दछ। नेपाल कम्युनिष्ट पार्टी (नेकपा)को पक्षमा रहेको जनाधारलाई अझ धेरै फराकिलो पार्न र अन्तर्राष्ट्रिय जगतमा यस पार्टीको लोकतान्त्रिक छवि र प्रतिष्ठालाई अझ माथी उठाउन लागिरहने दृढता व्यक्त गर्दछ।

**२. पद्धती र संस्थागत प्रणालीलाई सबल तुल्याउने**

सही, समयोचित र वैज्ञानिक सिद्धान्त, विचार र नीतिको मार्गदर्शनमा अघि बढेको र अतुलनीय त्याग एवम् बलिदानको जगमा निर्माण भएको नेपाल कम्युनिष्ट पार्टी (नेकपा)को शक्ति र सामर्थ्यलाई ठीक ढंगले बुझ्न र व्यक्तिगत हितलाई पार्टी हितको मातहत राख्न नसक्दा अन्तरविरोध देखापर्दै, हुर्किदै र कटुतापूर्ण बन्दै गयो। संस्थागत प्रणाली र वैधानिक व्यवस्थालाई चुनौती दिने प्रवृति झाँगिदै जाँदा पद्धतीहिनता, गुटवन्दी, अराजकता र अनुशासनहिनता फैलिँदै गयो। विभिन्न सन्दर्भमा नेतृत्व तहबाट समेत गम्भीर प्रकृतिका गल्ति, कमजोरीहरू हुन पुगे। पार्टी भित्र उत्पन्न अन्तरविरोधहरूलाई ठीक ढङ्गले समाधान गर्न नसक्दा संस्थागत प्रवन्ध उलङ्घन हुँदैगयो र आन्तरिक एकता कमजोर भयो। तसर्थ यो बैठक,

२.१ सम्बन्धित सबै नेता, कार्यकर्ता तथा सदस्यहरूलाई आ-आफ्ना गल्ती, कमजोरीहरूप्रति आत्मसमीक्षक र आत्मालोचित हुँदै भविष्यमा त्यसप्रकारका गल्ती, कमजोरीहरू दोहोरिन नदिन निर्देशित गर्दछ। अतितमुखी होइन भविष्यमुखी भएर, वर्तमानका चुनौतीलाई बेवास्ता गरेर होइन तिनलाई सामना गर्ने सही निष्कर्ष र सार्थक योजनाका साथ अघि बढेर जनताले सुम्पिएको अभिभारा पूरा गर्दै मुलुकको उज्ज्वल भविष्य सुनिश्चित गर्ने संकल्प गर्दछ।

२.२ विगतका अन्तर्विरोध एवम् अनुभवहरूबाट शिक्षा लिन र पार्टी एकताको मर्म एवम् भावना, दुई पार्टीबीच एकता गर्दाका सहमतिहरू र संस्थागत रूपमा तय गरिएका नीति, विचार, विधि तथा पद्धती अनुशरण एवम् कार्यान्वयन गर्दै अघि बढ्न सम्बन्धित सबैलाई निर्देशित



• धुम्बाराही: फोन: +९७७ १ ४३७८०५५, ४३७८०९०, फ्याक्स: +९७७ १ ४०१५९८० • पेरिसडाँडा: फोन: +९७७ १ ४६०२२९०, ४६०२२८८, फ्याक्स: +९७७ १ ४६०२२८९
पोष्टवक्स नं. ५४७१, ईमेल : info@ncp.org.np, वेवपेज: www.ncp.org.np

गर्दछ । सचिवालय, स्थायी कमिटी, केन्द्रीय कमिटीलगायत समस्त पार्टीपङ्क्तिलाई विधि, पद्धती र संस्थागत निर्णयका आधारमा सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गर्दछ । कम्युनिष्ट पार्टीको जीवन, विचार र विधिमा आधारित हुन्छ र सिर्जित समस्याको समाधान पनि संस्थागत प्रणालीअन्तर्गत खोज्नुपर्दछ भन्ने मान्यतालाई व्यवहारमा स्थापित गर्ने दृढ अठोट गर्दछ ।

२.३ आन्तरिक विवादलाई कटूतापूर्ण र यदाकदा शत्रूतापूर्ण तहमा भड्काउन खोज्ने, पार्टी अनुशासनलाई गुट अनुशासनले र पार्टीलाई गुटले विस्थापित गर्न खोज्ने, गुट-गुटका अलग-अलग बैठक बस्ने, निर्णय गर्ने र सार्वजनिक रूपमा आरोप-प्रत्यारोपमा उत्रिने जस्ता गलत अभ्यासहरूलाई कडाइका साथ नियन्त्रण गर्ने र पार्टीलाई अनुसाशित र पार्टीभित्रको बहस-विवादलाई विधिसम्मत तथा मर्यादित तुल्याउने प्रण गर्दछ ।

२.४ समग्र पार्टी र तीनै तहको सरकारको काममा समेत फैलिँदै गएको गुटबन्दीको असरलाई विधि, पद्धति र संस्थागत निर्णयको प्रभावकारी कार्यान्वयनद्वारा समाधान गर्ने र सबै प्रकारका अनेकता, अराजकता, अनुशासनहीनता एवम् गुटबन्दीपूर्ण क्रियाकलापलाई नियन्त्रण गर्ने निर्णय गर्दछ । पार्टीको नीति, नेता र कार्यकर्ताका विरुद्ध सामाजिक सञ्जालमा जथाभावी लेख्ने र पार्टी हीतविपरीत गतिविधि गर्ने प्रवृत्तिलाई कडाइकासाथ रोक्न जिम्मेवार कमरेडहरू र सम्बद्ध सबैलाई निर्देशित गर्दछ ।

२.५ विगतमा जस्तै यसपटक पनि पार्टीभित्र उत्पन्न अन्तर्विरोधहरूलाई नीति र विधिको आलोकमा समाधान गर्ने र चुनौतीहरूलाई एकताबद्ध भएर सामना गर्ने प्रतिज्ञा गर्दछ । अन्तरपार्टी संघर्षको कठीन र जटिल मोडबाट गुज्रिएको पार्टीलाई सम्हाल्ने र सुरक्षित तबरले अघि बढाउने निर्णय गर्दछ । पार्टीमा नयाँस्तरमा एकता कायम गर्दै समस्त पार्टीपंक्ति तथा आम जनसमुदायमा एकताको सन्देश सम्प्रेषण गर्दछ । पार्टीभित्रको अन्तर्विरोधले गर्दा हुनगएको क्षतिलाई पारस्परिक विश्वास, सम्मान, एकता र समभ्रुदारीका साथ पूर्ति गर्ने संकल्प गर्दछ । स्वस्थ एवम् गतिशील पार्टीका लागि अस्वस्थ बहस र गुटगत अभ्यास खतरनाक शत्रु जस्तै हो र स्थापित सिद्धान्त, नीति र विधिको जगमा उभिएको एकताबद्ध पार्टी नै अग्रगति र प्रगतिको आधार हो भन्ने वास्तविकतालाई राम्रोसँग स्थापित गर्ने निर्णय गर्दछ ।

२.६ पार्टीमा गुटबन्दी तथा अनुशासनहीनता अन्त्य गर्न, नीति, विधि र पद्धति स्थापित गर्न र नेता, कार्यकर्ता तथा जनप्रतिनिधिहरूको कार्यशैली र जीवनशैलीलाई मार्गदर्शन गर्न विगतमा तय गरिएको आचारसंहितालाई परिमार्जन गरी कडाइका साथ लागू गर्ने निर्णय गर्दछ । सबैलाई, विशेषतः जिम्मेवार कमरेडहरूलाई पारदर्शी जीवनशैली अपनाउन र आफ्नो आचरण तथा कामप्रति जवाफदेही हुन निर्देशित गर्दछ ।



• धुम्बाराही: फोन: +९७७ १ ४३७८०५५, ४३७८०९०, फ्याक्स: +९७७ १ ४०१५९८० • पेरिसडाँडा: फोन: +९७७ १ ४६०२२९०, ४६०२२८८, फ्याक्स: +९७७ १ ४६०२२८९
पोष्टबक्स नं. ५४७१, ईमेल : info@ncp.org.np, वेबपेज: www.ncp.org.np

**३. अध्यक्षद्वयको कार्यविभाजन तथा कार्याधिकार स्पष्ट गर्ने**

पार्टीमा दुई अध्यक्षात्मक व्यवस्थाको समझदारीपूर्ण एवम् प्रभावकारी कार्यान्वयन हुन नसक्दा शीर्ष नेतृत्व तहमा अविश्वास र अन्तर्विरोध उत्पन्न हुने गरेको छ। एउटा समस्या समाधान भएको केही समय नबित्दै नयाँ रूप र स्तरमा अर्को समस्या आइलाग्ने गरेको छ। यस अवस्थाको नकारात्मक प्रभाव समग्र पार्टी तथा सरकारको काममा समेत परिरहेको छ। वैधानिक व्यवस्थामा विद्यमान अस्पष्टतालाई स्पष्ट पार्दै पारस्परिक विश्वास र सहमतिका आधारमा यो समस्याको समाधान गर्नुपर्दछ। यसका लागि अध्यक्षद्वयको कार्यविभाजन र कार्याधिकार निम्नानुसार स्पष्ट गर्ने :

३.१ अध्यक्षद्वयको परामर्शमा महासचिवले सचिवालय, स्थायी कमिटी, पोलिटव्यूरो तथा केन्द्रीय  कमिटी बैठकका लागि कार्यसूची तयार गर्ने र बैठक बोलाउने। सम्बन्धित कमिटीको बैठकमा कार्यसूची पेश गर्ने, पारित गर्ने र तदनुरूप बैठक सञ्चालन गर्ने।

३.२ अध्यक्ष कमरेड केपी शर्मा ओलीले प्रतिनिधिसभाको यो कार्यकाल भरी प्रधानमन्त्रीको जिम्मेवारीमा रहेर सरकारलाई नेतृत्व गर्ने र सरकारको काममा केन्द्रित हुने।

३.३ अध्यक्ष कमरेड पुष्पकमल दाहाल 'प्रचण्ड'ले कार्यकारी अधिकारसहित पार्टीका बैठकहरूको सञ्चालन, निर्णयहरूको कार्यान्वनय र समग्र पार्टी कामको जिम्मेवारीमा केन्द्रित हुने।

३.४ अध्यक्षद्वयले पार्टी र सरकारबीचको आपसी सम्बन्धलाई संस्थागत रूपमा अघि बढाउन समन्वय गर्ने। सामूहिक नेतृतव तथा व्यक्तिगत जिम्मेवारीको संस्थागत प्रणाली अवलम्बन गर्ने र सबल तुल्याउने।

**४. पार्टी एकताका बाँकी काम सम्पन्न गर्ने**

पार्टी एकता सम्पन्न भई नेपाल कम्युनिष्ट पार्टी (नेकपा) गठन भएको दुई वर्ष बितिसकेको छ। आजसम्म आइपुग्दा पार्टी एकताका सम्पूर्ण कामका साथै सदस्यता नवीकरण, प्रदेश तथा स्थानीय कमिटीका अधिवेशन र राष्ट्रिय महाधिवेशन समेत सम्पन्न भइसक्नुपर्ने थियो। तर अहिलेसम्म पनि एकता-एकीकरणका कतिपय महत्वपूर्ण कामहरू समेत सम्पन्न हुनसकेका छैनन्। फरक-फरक राजनीतिक कार्यदिशा र पृष्ठभूमिले निर्माण गरेको मनोविज्ञान, प्रमुख नेताहरूका बीचमा बेला-बेलामा उत्पन्न असमझदारी र एकीकरणका संगठनात्मक विषयहरूमा सहमति हुन नसक्ने तथा कोविड- १९ महामारीजस्ता समस्याहरूले एकीकरण प्रक्रियामा अनपेक्षित विलम्ब हुनपुगेको छ। अब निम्नानुसारको कार्ययोजना र समय-तालिकाभित्र रहेर प्राथमिकताका साथ एकीकरणका बाँकी काम सम्पन्न गर्ने :



• धुम्बाराही: फोन: +९७७ १ ४३७८०५५, ४३७८०९०, फ्याक्स: +९७७ १ ४०१५९८० • पेरिसडाँडा: फोन: +९७७ १ ४६०२२९०, ४६०२२८८, फ्याक्स: +९७७ १ ४६०२२८९
पोष्टबक्स नं. ५४७१, ईमेल : info@ncp.org.np, वेबपेज: www.ncp.org.np

४.१ केन्द्रीय सचिवालयले पार्टी विधान, नियमावली र निर्धारित मापदण्डका आधारमा एकता-एकीकरणका बाँकी काम असोज महिनाभित्र सम्पन्न गर्ने । केन्द्रीय आयोगहरू, केन्द्रीय सल्लाहकार परिषद, ज्येष्ठ कम्युनिष्ट मञ्च, पोलिटब्यूरो, केन्द्रीय विभागहरू, प्रदेश, सम्पर्क कमिटी र स्थानीय तहका कमिटीहरू, जनवर्गीय संगठनहरू र प्रवास क्षेत्रको संगठनात्मक एकीकरणका साथै सम्पत्ति र अभिलेखको समेत एकीकरण सम्पन्न गर्ने । कार्यान्वयन हुन बाँकी रहेका पूर्ववर्ती निर्णयहरू कार्यान्वयन गर्ने । विवादका कारणले अवरुद्ध हुनपुगेको एकीकरण प्रक्रियालाई सहमतिका साथ अघि बढाउने र आवश्यकता अनुसार नयाँ निर्णय लिने । एकीकरणका सन्दर्भमा केन्द्रीय तहबाट गर्नैपर्ने काम केन्द्रीय सचिवालयले गर्ने र अन्य कामका लागि सम्बद्ध निकाय वा मातहत कमिटीलाई अधिकार प्रत्यायोजन गर्ने ।

४.२ पार्टी विधानमा उल्लिखित महानगर कमिटीको स्तर, मर्यादा र जिम्मेवारीलाई बुझ्ने तथा कार्यान्वयन गर्ने सन्दर्भमा विद्यमान अन्योलले एकीकरण प्रक्रियामा बाधा सिर्जना गरेको छ । विधानको व्याख्याद्वारा यस अन्योलको अन्त्य गर्ने । विधान अनुसार महानगर कमिटीको मर्यादा जिल्ला कमिटी सरह हो र महानगर कमिटी सम्बन्धित जिल्ला कमिटीको मातहत हुन्छ । यही मान्यताअनुरुप महानगर कमिटीको एकीकरण कार्य सम्पन्न गर्ने । यसरी एकीकरण सम्पन्न गर्दा पूर्व निर्णयहरू प्रभावित हुने भएमा तदनुरुप व्यवस्थापन गर्ने ।

४.३ अन्तर्विरोध र असमझदारीले गर्दा कतिपय जिल्ला र सो मातहतमा पार्टी कमिटीहरू गठन हुनसकेका छैनन् । एकीकरणको क्रममा कतिपय स्थानमा मापदण्ड उल्लङ्घन भएका छन् र अनुशासन लगायत अन्य विषयहरूमा उजुरी तथा गुनासाहरू प्राप्त भएका छन् । आगामी असोज महिनाभित्र सत्य-तथ्य यकीन गरी पार्टी विधान तथा नियमावलीको प्रबन्ध र निर्धारित मापदण्डको आधारमा यस्ता समस्याहरूको समाधान गर्ने जिम्मेवारी केन्द्रीय संगठन विभागलाई दिने ।

## ५. राजनीतिक तथा संगठनात्मक क्षेत्रमा निम्नानुसार गर्ने

राजनीतिक तथा संगठनात्मक क्षेत्रको कामलाई गतिशील एवम् प्रभावकारी बनाउन निम्नानुसारका कार्यहरू गर्ने :

५.१ परिभाषित कामको मूल्याङ्कनमा आधारित भएर केन्द्रीय कमिटीका पदाधिकारी तथा सदस्य कमरेडहरूको कार्यविभाजनको पुनरावलोकन गर्ने ।

५.२ पार्टीको अन्तराष्ट्रिय सम्बन्धलाई पार्टी नीति तथा विधिअनुरूप संस्थागत एवम् पारदर्शी रूपमा सञ्चालन गर्ने र कूटनीतिक मान्यतासँग अमिल्दा कार्यहरू नगर्ने ।



• धुम्बाराहीः फोन: +९७७ १ ४३७८०५५, ४३७८०९०, फ्याक्स: +९७७ १ ४०१५९८० • पेरिसडाँडाः फोन: +९७७ १ ४६०२२९०, ४६०२२८८, फ्याक्स: +९७७ १ ४६०२२८९
पोष्टवक्स नं. ५४७१, ईमेल : info@ncp.org.np, वेबपेज: www.ncp.org.np

५.३ पार्टीको प्रचार संयन्त्रलाई चुस्त-दुरुस्त र प्रभावकारी बनाउने । सञ्चारमाध्यमहरूमा पार्टी हीतविपरितका अनधिकृत, प्रायोजित र तथ्यहीन समाचार सम्प्रेषण गर्ने प्रवृतिलाई नियन्त्रण गर्ने र त्यस्ता पात्रलाई जवाफदेही बनाउने । वेवसाईट तथा अन्य डिजिटल प्लेटफर्महरूमा देखापरेको पार्टीका नेता तथा कार्यकर्ताहरूको अराजक तथा अनुशासनहीन कार्यलाई नियन्त्रण गर्ने ।

५.४ सबै तहका पार्टी कमिटीमा ३३ प्रतिशत महिला सहभागिता लगायतका राजनीतिक दलसम्बन्धी कानुनी व्यवस्था महाधिवेशन र अधिवेशनका मञ्चहरू मार्फत् कार्यान्वयन गर्ने ।

५.५ केन्द्रीय सचिवालयले प्रदेश तथा स्थानीय तहका अधिवेशनबाट निर्वाचित हुने पार्टी कमिटीहरूका लागि कमिटीको संरचना र अधिकतम् संख्या निर्धारण गर्ने र स्थायी कमिटी तथा केन्द्रीय कमिटीबाट अनुमोदन गराउने ।

५.६ पार्टीभित्र देखापरेको विवाद वा मतभेदका सम्बन्धमा स्थायी कमिटीको पाँचौ बैठक समापनको मिति २०७७ भदौ २६ गतेलाई पुरानो विवादतर्फ नफर्किने निश्चित समय (cut off date) निर्धारण गर्ने र पुनः त्यसप्रकारको अन्तर्विरोधपूर्ण विवाद नहुने कुरा सुनिश्चित गर्ने । सार्वजनिक रूपमा गरिने तथ्यहीन र अमर्यादित आरोप-प्रत्यारोप बन्द गर्ने । आफ्नो मत वा असहमति कमिटी प्रणालीअन्तर्गत मर्यादित रूपमा राख्ने । गुटबन्दीपूर्ण क्रियाकलाप नगर्ने, गुटगत गतिविधिलाई संरक्षण, प्रश्रय र प्रोत्साहन नदिने । अनेकता, अराजकता, अनुशासनहीनता र गुटबन्दीपूर्ण कार्यलाई अनुशासनात्मक कारबाहीको विषय बनाउने र पार्टी विधानबमोजिम कारवाही गर्ने ।

५.७ पार्टीमा माग भई आएका अनुशासनात्मक कारवाही गर्नुपर्ने वा कारवाही फुकुवा गर्नुपर्ने विषयहरूमा यथाशीघ्र टुङ्गो लगाउने ।

५.८ सबै तहका पार्टी कमिटी तथा निकाय र विभागहरूको बैठक विधानबमोजिम नियमित रूपमा आयोजना गर्ने ।

५.९ पार्टीलाई जनता र राष्ट्रका सामू उपस्थित चुनौती सामना गर्नमा केन्द्रित गर्ने । राष्ट्रिय सुरक्षा नीति, परराष्ट्र नीति, प्राकृतिक स्रोतको उपयोगसम्बन्धी नीति, सामाजिक न्यायमा आधारित आर्थिक समृद्धि एवम् विकास र समाजवादउन्मुख आर्थिक सामाजिक प्रणाली जस्ता विषयहरूमा छलफलको प्रबन्ध गर्ने । राष्ट्रिय तथा अर्न्तराष्ट्रिय महत्वका विषयहरूमा पार्टीमा नीतिगत निर्णय गर्ने र कार्यान्वयन गर्ने ।

५.१० पार्टी कमिटी तथा जनसंगठनहरूमा विद्यमान गम्भीर प्रकृतिका अन्तविरोधहरूलाई आन्तरिक छलफल र पारस्परिक सहमतिको आधारमा समाधान गर्न निर्देशन दिने ।



• धुम्बाराही: फोन: +९७७ १ ४३७८०५५, ४३७८०९०, फ्याक्स: +९७७ १ ४०१५९८० • पेरिसडाँडा: फोन: +९७७ १ ४६०२२९०, ४६०२२८८, फ्याक्स: +९७७ १ ४६०२२८९
पोष्टबक्स नं. ५४७१, ईमेल : info@ncp.org.np, वेबपेज: www.ncp.org.np

गम्भीर प्रकृतिका अन्तर्विरोधहरूको समाधानका लागि केन्द्रीय संगठन विभागको तर्फबाट विशेष टोली खटाउने ।

५.११ विभिन्न कारणले जिम्मेवारी प्राप्त गर्न बाँकी कमरेडहरूको अभिलेख तयार गरी आवश्यक व्यस्था गर्ने ।

५.१२ केन्द्रीय कमिटीको निर्णयअनुरूप पार्टीको केन्द्रीय कार्यालय भवन निर्माण गर्ने ।

## ६. एकताको राष्ट्रिय महाधिवेशन आयोजना गर्ने

पार्टी केन्द्रीय कमिटीको दोस्रो बैठकले तय गरेको मिति (२०७७ चैत २५ देखि ३०)मा एकताको राष्ट्रिय महाधिवेशन काठमाडौँमा सम्पन्न गर्ने । त्यसका लागि निम्नानुसार तयारी गर्ने :

६.१ पार्टी एकताको भावना एवम् मर्मअनुरूप सहमतिका साथ महाधिवेशन सम्पन्न गर्ने। महाधिवेशनसँग सम्बन्धित अन्य प्रक्रिया पार्टी विधानबमोजिम अवलम्बन गर्ने। महाधिवेशनबाट पार्टीका विचार, नीति, विधि, पद्धति एवम् नेतृत्व सुनिश्चित गर्ने र पार्टी एकतालाई सुदृढ तुल्याउने ।

६.२ विचार, नीति तथा विधिलाई महाधिवेशन तयारीको महत्वपूर्ण विषयका रूपमा ग्रहण गर्ने र तदनुरूप मस्यौदा दस्तावेजहरू तयार गर्ने। मस्यौदा दस्तावेजहरू तयार भएसँगै वैचारिक, नीतिगत तथा विधिगत विषयमा पार्टीव्यापी बहस, छलफल सञ्चालन गर्ने ।

६.३ महाधिवेशनबाट मार्क्सवाद-लेनिनवादको मार्गदर्शनमा नेपाली विशेषताअनुरूप नेपाली कम्युनिष्ट आन्दोलनले विकसित गरेका अनुभव तथा मौलिक एवम् सिर्जनात्मक सिद्धान्तहरूलाई संस्थागत गर्ने। यसक्रममा साविक नेकपा (एमाले)को नेतृत्वमा सञ्चालित शान्तिपूर्ण जनआन्दोलन र नेकपा (माओवादी)को नेतृत्वमा सञ्चालित सशस्त्र जनयुद्धका सकारात्मक वैचारिक पक्षहरूको संश्लेषण गर्ने ।

६.४ महाधिवेशनसम्बन्धी कार्ययोजना पारित गर्न कात्तिक १५ देखि १७ गते केन्द्रीय कमिटीको बैठक आयोजना गर्ने। उक्त बैठकमा केन्द्रीय सचिवालयबाट महाधिवेशन आयोजनाको तयारीका लागि दस्तावेज मस्यौदा कमिटी, मूल व्यवस्थापन कमिटीलगायत अन्य आवश्यक संरचना, प्रतिनिधि छनोट विधि र कार्यतालिका लगायत समग्र कार्ययोजना प्रस्तुत गर्ने। बैठकमा उक्त प्रस्तावमा छलफल गरी आवश्यक निर्णय गर्ने ।

६.६ संगठन विभागको कार्ययोजनामा आगामी असोज महिनाभित्र सम्बन्धित जिल्ला कमिटीहरूले पार्टीको संगठित सदस्ता विवरण अद्यावधिक गरी प्रदेश कमिटी हुँदै केन्द्रीय संगठन विभागमा पठाउने। मङ्सीर महिनाभित्र संगठित सदस्यता नवीकरण सम्पन्न गर्ने। प्रवास क्षेत्रमा पनि सोहीअनुरूप गर्ने ।



• धुम्बाराही: फोन: +९७७ १ ४३७८०५५, ४३७८०९०, फ्याक्स: +९७७ १ ४०१५९८० • पेरिसडाँडा: फोन: +९७७ १ ४६०२२९०, ४६०२२८८, फ्याक्स: +९७७ १ ४६०२२८९
पोष्टबक्स नं. ५४७१, ईमेल : info@ncp.org.np, वेबपेज: www.ncp.org.np

**७. सरकारको कामका सम्बन्धमा निम्नानुसार गर्ने**

सरकारको कार्यकाल आधाभन्दा बढी व्यतित भइसकेको छ। यसबीचमा पार्टीभित्र उत्पन्न अन्तर्विरोधले गर्दा सरकारका कामसमेत प्रभावित भएको छ। देशलाई विकास, समृद्धि, सामाजिक न्याय र समाजवादतर्फ अघि बढाउन आगामी निर्वाचनमा अहिलेको भन्दा अनुकूल परिणाम प्राप्त गर्ने तयारीका साथ अघि बढ्न जरुरी छ। त्यसका लागि निम्नानुसारका कार्यहरू गर्ने :

७.१ सरकारको कामलाई कोविड-१९ महामारीले सिर्जना गरको चुनौतीको सामना, सीमा समस्याको समाधान, चुनावी घोषणा-पत्र र पार्टी तथा सरकारका तर्फबाट गरिएका सार्वजनिक प्रतिबद्धताहरूको कार्यान्वयनजस्ता महत्वपूर्ण विषयहरूमा केन्द्रित गर्ने।

७.२ संसदसमक्ष प्रस्तुत गरिने विधेयकका सैद्धान्तिक पक्ष र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्वका नीतिगत विषयमा केन्द्रीय कमिटी वा स्थायी कमिटी वा सचिवालयमा संस्थागत रूपमा छलफल गरी पार्टीको धारणा तय गर्ने।

७.३ सरकार संविधानको रक्षा एवम् कार्यान्वयन, राष्ट्रिय हीत र स्वाधीनताको संरक्षण एवम् सवलीकरण, स्वतन्त्र एवम् असंलग्न परराष्ट्रनीतिको अनुशरण, लोकतन्त्रलाई जीवन पद्धतीका रूपमा अवलम्बन गर्दै सामाजिक जीवनमा समेत विस्तारित र स्थापित गर्ने पहल, भ्रष्टाचार नियन्त्रण एवम् सुशासनको प्रत्याभूति, सबै प्रकारका विभेद, असमानताको अन्त्य, विकास, समृद्धि एवम् समाजिक न्यायको सुनिश्चिततताजस्ता विषयहरूमा केन्द्रित हुने।

७.४ भ्रष्टाचार तथा अनियमितताका सम्बन्धमा सरकार आफैले थालेका छानवीन प्रक्रियालाई यथाशक्य चाँडो निष्कर्षमा पुऱ्याउने। सार्वजनिक रूपमा उठेका जनसरोकारका विषयमा सत्यतथ्य सार्वजनिक गर्ने। भ्रष्टाचार र अनियमित कार्यप्रति शून्य सहनशीलताको मान्यताअनुरूप दोषिमाथि कडा कानूनी कारवाही गर्ने र भ्रष्टाचार नियन्त्रण तथा सुशासन कायम गर्ने। अनुपयुक्त प्रशासनिक खर्च कटौती गर्ने र मितव्ययीताको नीति अवलम्बन गर्ने।

७.५ विकास बजेटको विनियोजन र कार्यान्वयन प्रक्रियालाई भौगोलिक क्षेत्र तथा समुदायका दृष्टिले सन्तुलित बनाउने र सन्तुलित राष्ट्रिय विकासको अवधारणालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने।

७.६ संविधान एवम् संघीयताको प्रभावकारी कार्यान्वयनका लागि अत्यावश्यक कानुनहरू निर्माण गर्ने र बाभिएका कानूनहरू संशोधन गर्ने।

७.७ सरकार पार्टीको नीतिगत मार्गदर्शनमा सञ्चालन हुने स्थापित मान्यतालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने। सचिवालयमा गरिने छलफल, अध्यक्षद्वयको आपसी परामर्श र



• धुम्बाराहीः फोनः +९७७ १ ४३७८०५५, ४३७८०९०, फ्याक्सः +९७७ १ ४०१५९८० • पेरिसडाँडाः फोनः +९७७ १ ४६०२२९०, ४६०२२८८, फ्याक्सः +९७७ १ ४६०२२८९
पोष्टबक्स नं. ५४७१, ईमेल : info@ncp.org.np, वेबपेजः www.ncp.org.np

सहमति तथा संवैधानिक व्यवस्था र कानुनी प्रबन्धका आधारमा संघीय मन्त्री परिषद र प्रदेश मन्त्रिपरिषद्को पुनर्गठन तथा राजनीतिक नियुक्ति सम्बन्धी निर्णय गर्ने । मन्त्री परिषद पुनर्गठन र राजनीतिक नियुक्तिका लागि योग्यता, क्षमता, निष्ठा, निरन्तरता, योगदान र राष्ट्रिय दृष्टिले सन्तुलन कायम हुनेगरी मापदण्ड निर्धारण गर्ने ।

७.८ जनता र राष्ट्रको पक्षमा सरकारले गरेका उपलब्धिपूर्ण कामहरूलाई समस्त पार्टीपङ्क्तिको प्रभावकारी परिचालनद्वारा आम जनताको माझमा लैजाने र स्थापित गर्ने ।

७.९ सरकारको कामको आवधिक समीक्षा हुँदै आएको छ । पछिल्लो पटक केन्द्रीय कमिटीको दोस्रो बैठकमा सरकारको कामको समीक्षा गरिएको थियो । महाधिवेशनपूर्व तथ्यपरक किसिमले सरकारको कामको समीक्षा गर्ने ।

## ८. संसदीय दलको भूमिकालाई प्रभावकारी बनाउने

संसद पार्टी कामको महत्वपूर्ण थलो हो । संघीय संसदमा करिब दुई तिहाइको नजिक रहेको हाम्रो पार्टीको प्रभावकारी उपस्थितिलाई भूमिकाको दृष्टिले पनि प्रभावकारी बनाउन जरुरी छ । त्यसका लागि निम्नानुसारका कार्यहरू गर्ने :

८.१ संसदीय दललाई दलको विधानअनुरूप प्रभावकारी रूपमा सञ्चालन गर्ने । दलको विधानमा प्रबन्ध गरिएका संरचनाहरू निर्माण गर्ने र तिनलाई क्रियाशील तुल्याउने ।

८.२ एउटै भवनबाट संसदीय दलको कार्यालय सञ्चालन गर्ने ।

८.३ संसदीय दलका सदस्यहरूलाई सम्बन्धित विषयहरूमा प्रशिक्षणको व्यवस्था गर्ने ।

८.४ सरकारले प्रस्तुत गर्ने नीति तथा कार्यक्रम, बजेट, विधेयक र अन्य महत्वपूर्ण विषयहरूमा संसदीय दलका सदस्यहरूमाझ छलफल गर्ने र सुझाव लिने ।

८.५ संसदीय दलको निर्णयका आधारमा संसद तथा समितिहरूमा सांसदहरूको भूमिकालाई एकरूप र प्रभावकारी बनाउने । साँसदहरूले सरकारले प्रस्तुत गर्ने नीति तथा कार्यक्रम, बजेट, विधेयक, सन्धीलगायत प्रस्तावहरू पारित गर्न सक्रिय भूमिका निर्वाह गर्ने ।

## ९. प्रदेश सरकार र स्थानीय निकायको भूमिका प्रभावकारी बनाउने

प्रदेश सरकार, प्रदेशसभा र स्थानीय तहलाई पार्टी नीतिअनुरूप परिचालन गर्नका लागि निम्नानुसारको प्रबन्ध गर्ने :

९.१ प्रदेश सरकारले नीति तथा कार्यक्रम र बजेटजस्ता नीतिगत विषय र राजनीतिक नियुक्तिजस्ता विषयहरूमा निर्णय गर्दा सम्बन्धित प्रदेश कमिटीका पदाधिकारीहरूसँग



• धुम्बाराहीः फोनः +९७७ १ ४३७८०५५, ४३७८०९०, फ्याक्सः +९७७ १ ४०१५९८० • पेरिसडाँडाः फोनः +९७७ १ ४६०२२९०, ४६०२२८८, फ्याक्सः +९७७ १ ४६०२२८९
पोष्टबक्स नं. ५४७१, ईमेल : info@ncp.org.np, वेबपेजः www.ncp.org.np

समन्वय गर्ने। आवश्यकताअनुरूप पार्टीसँगको परामर्श एवम् समन्वयमा मन्त्रिपरिषद विस्तार तथा पुनर्गठन गर्ने।

९.२ स्थानीय तहले बजेट तथा कार्यक्रम र अन्य महत्वपूर्ण विषयमा निर्णय गर्दा आफ्नो तहको पार्टी कमिटीका पदाधिकारीहरूसँगको परमर्श र समन्वयमा गर्ने। पार्टी नीतिअनुरूप स्थानीय तहको प्रभावकारी परिचालनका लागि पार्टी केन्द्रबाट निर्देशिका जारी गर्ने। निर्देशिका मस्यौदा गर्ने जिम्मेवारी स्थानीय तह विभागलाई दिने।

**१०. नेपालको सीमा समस्या र समाधान सम्बन्धमा निम्नानुसार गर्ने**

केही समय अघि नेपालको सीमा समस्या समाधानका सन्दर्भमा नयाँ राजनीतिक/प्रशासनिक नक्शा प्रकाशन र संविधान संशोधनजस्ता ऐतिहासिक महत्वका काम सम्पन्न भएका छन्। अब नेपाली भूमिबाट भारतीय फौंज हटाउन र अतिक्रमित नेपाली भूमिमा नेपालको राजनीतिक तथा प्रशासनिक हकभोग स्थापित गर्न जरुरी छ। यस सम्बन्धमा बैठकले निम्नानुसारको प्रस्ताव पारित गरेको छ :

१०.१ नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता र राष्ट्रिय हीतको विषयमा अहिले मुलुकमा अभूतपूर्व एकता कायम भएको छ। अतिक्रमित भूभागमा हकभोग कायम गर्ने उद्देश्यसहित प्रकाशित नेपालको नयाँ राजनीतिक/प्रशासनिक नक्शाको समर्थनमा सबै राजनीतिक दल तथा नेपाली जनता एकताबद्ध रूपमा एक ठाउँमा उभिएका छन्। संविधानको दोस्रो संशोधनबाट निशान छापमा नेपालको नयाँ नक्सासहित परिवर्तन भएसँगै यसलाई संवैधानिक रूपमा संस्थागत गरिएको छ। यो बैठक, संवादका माध्यमबाट सीमा समस्याको समाधान गर्न र अतिक्रमित नेपाली भूभागमा नेपालको हकभोग कायम गर्न नेपाल सरकारको दृढता र सक्रियताको समर्थन गर्दछ।

१०.२ नेपाल र भारतबीचको अन्तर्राष्ट्रिय सीमा सन् १८१६ मार्चको सुगौली सन्धी तथा त्यसपछि सन् १८१६ दिसम्बर, १८६० र १८७५ का सन्धीहरूबाट निर्धारण भएको हो। सुगौली सन्धीको धारा ५ मा उल्लेख गरिएको नेपालको पश्चिमी सीमा काली (महाकाली) नदी हुने भनिएकोलाई परिवर्तन गर्ने गरी दुई देशबीच त्यसयता कुनै पनि सन्धी या सम्झौता नभएको कुरा स्पष्ट छ। राष्ट्रहरू बीचको अन्तर्राष्ट्रिय सीमा सम्बन्धित देशहरूबीच स्वीकृत औपचारिक सन्धीहरूबाट मात्र निर्धारित हुने, अन्य कुनै कुराले यसलाई प्रभावित गर्न नसक्ने र कुनै राष्ट्रको एकपक्षीय निर्णयले अन्तर्राष्ट्रिय सीमा परिवर्तन हुन नसक्ने स्पष्ट छ।

१०.३ नक्सामा एकपक्षीय हेरफेर गर्दै र सन् १९६० को दशकदेखि सुरक्षा उपस्थिति कायम गर्दै काली (महाकाली) नदी पूर्वका नेपाली भूभागहरू लिम्पियाधुरा, लिपुलेक र कालापानी



• धुम्बाराही: फोन: +९७७ १ ४३७८०५५, ४३७८०९०, फ्याक्स: +९७७ १ ४०१५९८० • पेरिसडाँडा: फोन: +९७७ १ ४६०२२९०, ४६०२२८८, फ्याक्स: +९७७ १ ४६०२२८९
पोष्टबक्स नं. ५४७१, ईमेल : info@ncp.org.np, वेबपेज: www.ncp.org.np

क्षेत्रमा अनाधिकृत नियन्त्रण गर्दै आएको भारतले उक्त भूभागहरू समेत समेटेर सन् २०१९ को नोभेम्बर २ मा आफ्नो राजनीतिक नक्सा प्रकाशित गर्नु सुगौली सन्धीको अक्षर र भावनाविपरीत त थियो नै, सुस्ता र कालापानी क्षेत्र दुई देशबीच सुल्झिन बाँकी रहेको समस्या भनी भारत स्वयम्ले स्वीकारेको मान्यताको विरुद्ध पनि थियो । दुई देशका बीचका समस्या समाधानका लागि गठित सचिवस्तरीय संयन्त्रको बैठकका लागि नेपालको तर्फबाट पटक-पटक गरिएको आग्रहलाई स्वीकार नगर्ने र एकपटक पनि बैठक नबस्ने, तर एकपक्षीय रूपमा नक्शा प्रकाशित गर्ने भारतीय कार्यले नेपालमा स्वाभाविक रूपमा गम्भीर चासो, चिन्ता र आक्रोश उत्पन्न भयो । नेपाल सरकारले तत्कालै वक्तव्यमार्फत भारतीय कदमप्रति विरोध जनायो, कुटनीतिक नोट पठाएर औपचारिक रूपमा प्रतिवाद गर्नुका साथै समस्या समाधानका लागि आग्रह गऱ्यो । देशभित्र यस विषयमा राष्ट्रिय सहमति निर्माण गरियो । गत वर्ष मङ्सिर-पुस महिनामा सम्पन्न पार्टी स्थायी कमिटीको तेस्रो बैठकले सरकारद्वारा चालिएका कदमहरूको दृढ समर्थन गर्दै यस विषयमा निर्माण भएको राष्ट्रिय एकताको बलमा कूटनीतिक वार्ताको माध्यमबाट सीमा समस्याको समाधान गर्न र नेपालको भूभाग समेटेर नक्शा प्रकाशन गर्न सरकारको ध्यानाकर्षण गर्ने निर्णय गरेको कुरा यहाँ स्मरणीय छ ।

१०.४ नेपालको पटक-पटकको आग्रहलाई बेवास्ता गर्दै, सिङ्गो विश्व कोरोना महामारीका विरुद्ध कठोर लडाइँ लडिरहेको विषम् परिस्थितिमा भारतले गत मे ८ मा नेपाली भूभाग हुँदै लिपुलेक जोड्ने कथित सडकको उद्घाटन गऱ्यो । नेपाल सरकारले उक्त कदमको तत्काल प्रतिवाद गऱ्यो । हाम्रो पार्टीले उक्त भारतीय कदमले नेपालको सार्वभौमसत्ताको अवमूल्यन गरेको भन्दै भर्त्सना गऱ्यो । यस विषयमा सरकारले सबै राजनीतिक दलहरूबीच राष्ट्रिय सहमति कायम गर्दै गत जेठ ५ गते लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्र समेटिएको नेपालको वास्तविक सीमासहितको राजनीतिक र प्रशासनिक नक्शा प्रकाशित गऱ्यो । उक्त नक्शालाई नेपालको निशान छापमा समेट्न सरकारले संसदसमक्ष संविधान संशोधन प्रस्ताव दर्ता गऱ्यो । संघीय संसदको दुबै सदनबाट नेपालको संविधान (दोस्रो संशोधन) विधेयक सर्वसम्मत रूपमा पारित भएर राष्ट्रपतिबाट प्रमाणीकरण समेत भइसकेको छ ।

१०.५ स्थायी कमिटीको यो बैठक नेपालको नयाँ नक्शा प्रकाशन र यस प्रयोजनका लागि संविधान संशोधनसहितको ऐतिहासिक निर्णयका लागि सम्माननीय प्रधानमन्त्री र नेपाल सरकारलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछ । यस काममा अभूतपूर्व राष्ट्रिय एकता प्रदर्शन गर्ने सबै राजनीतिक दलहरूप्रति आभार व्यक्त गर्दछ । संविधान संशोधनको पक्षमा मतदान गरेर सर्वसम्मत रूपमा निशान छापमा नेपालको नयाँ नक्शा राख्ने प्रस्ताव पारित गर्ने सङ्घीय संसदका सबै माननीय सदस्यहरूमा धन्यवाद र बधाई ज्ञापन गर्दछ । यस विषयमा अध्ययन, अनुसन्धान, सचेतना, जागरण तथा जनमत सिर्जना गर्दै अनुकूल



• धुम्बाराही: फोन: +९७७ १ ४३७८०५५, ४३७८०९०, फ्याक्स: +९७७ १ ४०१५९८० • पेरिसडाँडा: फोन: +९७७ १ ४६०२२९०, ४६०२२८८, फ्याक्स: +९७७ १ ४६०२२८९
पोष्टबक्स नं. ५४७१, ईमेल : info@ncp.org.np, वेबपेज: www.ncp.org.np

परिस्थिति निर्माणमा योगदान गर्नुहुने सीमाविद्‌हरू, यस विषयका जानकार र अभियन्ताहरू, सञ्चारमाध्यम एवं सबै देशभक्त नेपाली जनतामा धन्यवाद ज्ञापन गर्दछ ।

१०.६ यस सन्दर्भमा हिमाल, पहाड र तराई-मधेसमा बस्ने नेपाली जनताको देशभक्तिपूर्ण भावना प्रतिविम्बित भएको छ र राष्ट्रियताको जग थप सुदृढ भएको छ । यसक्रममा अभिव्यक्त राष्ट्रिय एकताको अमूल्य पुँजीलाई आगामी दिनमा थप सुदृढ बनाउँदै लैजानुपर्दछ । यसै एकताको जगमा सरकारले प्रभावकारी कूटनीतिक कौशलका साथ भारतसँग वार्ता गर्नुपर्दछ र नक्सामा समेटिएका नेपाली भूभागहरूमा नेपालको प्रशासनिक-राजनीतिक लगायत सबै प्रकारको हकभोग स्थापित गर्न दृढतापूर्वक अगाडि बढ्नुपर्दछ । सिङ्गो पार्टी यस सम्बन्धमा सरकारले चाल्ने आगामी कदमहरूमा दृढताकासाथ खडा हुनेछ ।

१०.७ नेपाली जनता पञ्चशीलका सिद्धान्त, सार्वभौम समानता, आपसी सम्मान र लाभका मान्यतामा आधारित सुमधुर, समस्यारहीत र विश्वासयुक्त नेपाल-भारत सम्बन्धको पक्षमा छन् । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) पुनः छिमेकी मित्रराष्ट्र भारतलाई ऐतिहासिक तथ्यहरूको सम्मान गर्न, सुगौली सन्धी अनुसार काली (महाकाली) पूर्वका सबै भूभाग नेपालका हुन् भन्ने यथार्थलाई स्वीकार गर्न र नेपालको भौगोलिक अखण्डताको कदर गर्न आग्रह गर्दै वार्ताद्वारा समस्याको समाधानका लागि वार्तामा आउन आह्वान गर्दछ । विगतमा सुल्झिन बाँकी सबै समस्याहरूको समाधान गरेर मात्र एक्काइसौं शताब्दी सुहाउँदो नयाँ सम्बन्धको विकास गर्न सकिन्छ भन्ने यथार्थलाई आत्मसात गर्न आग्रह गर्दछ ।

## ११. कोविड- १९ महामारीको रोकथाम, नियन्त्रण, उपचार र आर्थिक पुनरुत्थान गर्ने

कोविड- १९ महामारीको रोकथाम, नियन्त्रण, उपचार र आर्थिक पुनरुत्थानका सम्बन्धमा स्थायी कमिटीको बैठकबाट निम्नानुसारको प्रस्ताव पारित गर्ने :

११.१ विश्वव्यापी कोरोना महामारीका कारण सिङ्गो संसार आक्रान्त भएको छ । हाल (२०७७ भदौ २६) सम्म २,८३,२१,७७९ मानिस सङ्क्रमित भएका छन् । ९,१३,८५३ को ज्यान गएको छ । २,०३,३५,९९२ निको भएका छन् । सक्रिय संक्रमित ७०,७१,९३४ छन् । प्रति दश लाखमा ३६३३ संक्रमित भएका छन् । प्रति दश लाखमा मृत्य हुनेको संख्या ११७.३ छ । विश्व अर्थतन्त्र, सामाजिक-सांस्कृतिक सम्बन्ध र मानिसको जीवनशैली माथि गम्भीर प्रतिकूल असर परेको छ ।

११.२ नेपाल पनि यस महामारीबाट गम्भीर रूपले प्रभावित भएको छ । सुरुमै रोकथाम र नियन्त्रणका कदमहरू चालिएको र समयमै बन्दाबन्दी (lockdown) गरिएका कारण नेपालमा लामो समयसम्म सङ्क्रमण नियन्त्रणमै रह्यो । यस अवधिमा सरकारले



• धुम्बाराही: फोन: +९७७ १ ४३७८०५५, ४३७८०९०, फ्याक्स: +९७७ १ ४०१५९८० • पेरिसडाँडा: फोन: +९७७ १ ४६०२२९०, ४६०२२८८, फ्याक्स: +९७७ १ ४६०२२८९
पोष्टबक्स नं. ५४७१, ईमेल : info@ncp.org.np, वेबपेज: www.ncp.org.np

'उच्चस्तरीय समन्वय समिति' तथा 'कोविड- १९ संकट व्यवस्थापन केन्द्र' जस्ता नेतृत्वदायी संरचना निर्माण गर्नुका साथै आवश्यक स्वास्थ्य सामग्रीको व्यवस्थापन, प्रयोगशाला विस्तार, परीक्षण, विदेशबाट आउने तथा सङ्क्रमणको जोखिममा रहेकालाई अनिवार्य एकान्तवास (quarantine) मा राख्ने प्रबन्ध, संक्रमितहरूलाई अलग्गै राख्ने स्थान (Isolation centre) र कोविड विशेष अस्पताल स्थापना, समस्यामा परेका र रोजगारी गुमाएकाहरूका लागि राहत वितरण र विदेशमा समस्यामा परेका नेपालीहरूलाई स्वदेश ल्याउनेजस्ता सकारात्मक काम गरेको छ। कोविड-१९ माहामारीको रोकथाम, नियन्त्रण र उपचारमा नेपालको व्यवस्थापन तुलनात्मक रूपमा राम्रो रहेको छ।

११.३ तर गत जेठ महिनायता भारतलगायत विभिन्न मुलुकबाट ठूलो सङ्ख्यामा असुरक्षित तथा संक्रिमित नेपालीहरू तथा केही भारतीयहरूको आगमन शुरु भएसँगै र असार अन्तिम साताबाट बन्दाबन्दी (lock down) खुकुलो गरिएसँगै सङ्क्रमण तीब्र रफ्तारमा फैलिदै गएको छ। हाल (२०७७ भदौ २६) सम्म सङ्क्रमितको सङ्ख्या ५०,४६५ पुगेको छ। मृतकहरूको सङ्ख्या ३१७ पुगेको छ। सक्रिय संक्रमितको संख्या १४,४४८ पुगेको छ। निको हुनेको संख्या ३५,७०० (७०.७ प्रतिशत) छ। प्रति दश लाख संक्रमित हुनेको संख्या १७२६ छ। प्रति दश लाख मृत्यु संख्या ११ छ। कुल आरडीटी पीसीआर परीक्षण ८,१०,४८५ (प्रति दश लाखमा २७,७७४) पुगेको छ।

११.४ अर्थतन्त्र र सामाजिक जीवनका अन्य पक्षलाई चलायमान गराउँदै जनजीवनलाई क्रमशः सामान्य अवस्थातर्फ फर्काउन जरुरी छ। हालसम्म कोविड- १९ को खोप या औषधी आविष्कार नभएको र सङ्क्रमणको चुनौती लामो समयसम्म रहने देखिएकाले हामीले कोरोनासँग लड्दै गतिशील हुन आवश्यक भएको छ।

११.५ यो बैठक कोविड- १९ को महामारी रोकथाम, नियन्त्रण र संक्रमितहरूको उपचारको सन्दर्भमा नेपाल सरकारले हालसम्म गरेका प्रयत्नहरूलाई समर्थन र सह्राना गर्दै निम्नलिखित कार्यहरू अघि बढाउन सरकारसँग आग्रह गर्दछ :

११.५.१ सङ्क्रमणको जोखिम बढ्दै गएकाले सबैभन्दा खराब स्थिति (worst Case Scenario) को आँकलन गर्दै सोहीअनुरूप आवश्यक बजेट, स्वास्थ्य सामग्री, जनशक्ति र भौतिक पूर्वाधारको तयारी गर्ने।

११.५.२ परीक्षणको दायरा बढाउने, समुदायस्तरमा सङ्क्रमण फैलिएको आशङ्का गरिएका ठाउँमा नमूना सङ्कलन तीब्र पार्ने र बिरामीहरूको उपचारका लागि पूर्व तयारी गर्ने। आवश्यकता अनुसार जिल्ला वा स्थानीयस्तरमा इलाकाबन्दी गर्ने।



• धुम्बाराही: फोन: +९७७ १ ४३७८०५५, ४३७८०९०, फ्याक्स: +९७७ १ ४०१५९८० • पेरिसडाँडा: फोन: +९७७ १ ४६०२२९०, ४६०२२८८, फ्याक्स: +९७७ १ ४६०२२८९
पोष्टबक्स नं. ५४७१, ईमेल : info@ncp.org.np, वेबपेज: www.ncp.org.np

११.५.३ अस्पतालहरूमा शैय्या, सघन उपचार कक्ष र भेन्टिलेटरहरूको थप प्रबन्ध गर्ने र आवश्यकता अनुसार निजी अस्पताल र निजी मेडिकल कलेजहरूलाई महामारी अवधिभरका लागि कारोना उपचारमा प्रयोग गर्ने । काठमाडौं उपत्यका र जिल्लाहरूमा आवश्यकता अनुसार डेडिकेटेड अस्पताल, क्वारेन्टिन र संक्रमितहरूलाई अलग्गै राख्ने स्थान (Isolation centre) को व्यवस्था गर्ने ।

११.५.४ कोविड-१९ का अलवा अन्य विमारीहरूले सहज उपचार पाउन नसकेको जनगुनासोलाई तत्काल सम्बोधन गर्ने ।

११.५.५ खाद्यान्न भण्डारणको व्यवस्था मिलाउने र अत्यावश्यक उपभोग्य वस्तुको अभाव हुन नदिने । रोजगारी गुमाएर जीवन धान्न नसक्ने अवस्थामा पुगेका अतिविपन्न परिवारहरूलाई जीवनयापनका लागि श्रम सहभागिताका आधारमा खाद्यान्नको प्रवन्ध गर्ने ।

११.५.६ कोविड-१९ बाट प्रभावित आर्थिक क्षेत्र, विशेषगरी संकटग्रस्त बन्न पुगेका होटल, रेष्टुरेण्ट, हवाई सेवा, शिक्षा, स्वास्थ्य, कृषि, उद्योगहरूको पुनरुत्थानका लागि सहुलियतपूर्ण कर्जाको व्यवस्था गर्ने ।

११.५.७ पर्यटन, यातायातलगायत अन्य प्रभावित क्षेत्रका मजदूर तथा कर्मचारीहरूलाई राहतको व्यवस्था गर्ने । विदेशमा रोजगारी गुमाएर समस्यामा परेका श्रमिक र अन्य नेपाली नागरिकलाई स्वदेश फर्काउन सुरु गरिएको प्रक्रियालाई निरन्तरता दिने । बाँकी नागरिकहरूको हकमा सम्बन्धित मुलुकमै रोजगारीको निरन्तरता, रोजगार पुनर्स्थापना र सुरक्षाको प्रबन्ध गर्न थप कुटनीतिक पहल गर्ने । विद्यार्थीहरूका समस्या समाधानका लागि समेत थप अग्रसरता लिने ।

११.५.८ विदेशमा रोजगारी गुमाएर फर्केका र स्वदेशमै बेरोजगार अवस्थामा रहेका युवाहरूको रोजगारीको प्रबन्धका लागि आवश्यक अनुसन्धान, योजना र स्रोत व्यवस्थाप गर्ने ।

११.५.९ कोरोनाको बढ्दो संक्रमणका कारण दैनिक श्रम गरी जीवनयापन गर्ने वर्ग तथा समुदायलाई स्थानीय तहमार्फत खाद्यान्न र अत्यावश्यक वस्तुहरू समेत राहतको व्यवस्था गर्ने ।

११.५.१० कोविड-१९ महामारीले गर्दा नेपालको सामाजिक तथा आर्थिक क्षेत्रका परेको र पर्नसक्ने असरका बारेमा विशेषज्ञहरूद्वरा अध्ययन गर्ने र आर्थिक-समाजिक पुनरुत्थानका लागि कोविड पछिको योजना निर्माण गर्ने ।

११.६ कोविड-१९ को कारणले सिर्जित महामारी विरुद्धको यस लडाइँमा पार्टीपङ्क्तिलाई स्वयमसेवी भूमिकामा देहायबमोजिम थप परिचालन गर्ने र सक्रिय तुल्याउने :



• धुम्बाराही: फोन: +९७७ १ ४३७८०५५, ४३७८०९०, फ्याक्स: +९७७ १ ४०१५९८० • पेरिसडाँडा: फोन: +९७७ १ ४६०२२९०, ४६०२२८८, फ्याक्स: +९७७ १ ४६०२२८९
पोष्टवक्स नं. ५४७१, ईमेल : info@ncp.org.np, वेबपेज: www.ncp.org.np

११.६.१ स्थानीय पार्टी कमिटीको कम्तिमा पनि सचिवालयस्तरको बैठक (भौतिक दूरी कायम गरेर वा सम्भव नभए विद्युतीय प्रणालीको प्रयोग गरेर) गरी महामारी रोकथाम, नियन्त्रण र उपचारका लागि हालसम्म सम्बन्धित तह (प्रदेश र स्थानीय तह) मा चालिएका कदमहरूको वस्तुनिष्ठ समीक्षा गर्ने ।

११.६.२ सङ्क्रमणको अवस्था, सम्भावित जोखिम र गरिनुपर्ने कामको प्रक्षेपण गर्ने ।

११.६.३ आफ्नो तहमा विदेशबाट आएकाहरूको लगत व्यवस्थित गर्दै उनीहरू अनिवार्य रूपमा एकान्तवास (Quarantine) मा रहेको सुनिश्चित गर्ने ।

११.६.४ घरमै एकान्तवास (Quarantine) मा रहेकाहरूको अनुगमन गर्ने ।

११.६.५ आम नागरिकहरूमा स्वास्थ्य चेतना फैलाउने ।

११.६.६ स्थानीय तहमा रोजगारीका अवसर, नयाँ आर्थिक क्षेत्रहरू र कृषिको आधुनिकीकरणका सम्भावनाहरूको खोजी गर्ने, योजना बनाउने र सम्बन्धित तहका सरकारहरूसँगको समन्वयमा यससम्बन्धी तयारी अगाडि बढाउने ।

११.६.७ विपत्तिको बेला विभिन्न भ्रमहरू सिर्जना गरेर समाजमा अराजकता र अस्थिरता फैलाउने प्रवृत्तिहरूलाई निरुत्साहित गर्ने ।

११.६.८ यस महामारीका विरुद्ध अग्रपङ्क्तिमा खटिएर उत्कृष्ट सेवा दिइरहनुभएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, राष्ट्रसेवक कर्मचारीहरू र सबैतहका जनप्रतिनिधिहरूलाई स्थायी कमिटीको यो बैठक विशेष धन्यवाद ज्ञापन गर्दछ ।

### १२. बाढी–पहिरोद्वारा सिर्जित प्राकृतिक विपत्तिको सामना गर्ने

बाढी-पहिरोद्वारा सिर्जित प्राकृतिक विपत्तिका पीडित तथा प्रभावितहरूका सम्बन्धमा निम्नानुसार गर्ने :

देशमा केही सयमयता लगातारको भीषण बर्षाले गर्दा ठूलो मात्रामा जनधनको क्षति भएको छ । यस्तो स्थितिमा हाम्रो पार्टीका नेता, कार्यकर्ता र सदस्यहरूले अग्रभागमा रहेर जनतालाई दुख, सुखमा साथ दिने । स्थानीय पार्टी कमिटी तथा कार्यकर्ताहरूले प्राकृतिक प्रकोप पीडित जनतालाई जनप्रतिनिधिहरू तथा सरकारी निकायहरूसँग समन्वय गर्दै उद्धार, राहत र पुनःस्थापनामा सघाउने । उद्धार, राहत र पुनस्थापनाको पिषयलाई स्थानीय पार्टी कमिटीहरूले आफ्नो कामको महत्वपूर्ण कार्यसूची बनाउने ।

### १३. शान्ति प्रक्रियाका बाँकी काम सम्पन्न गर्ने

शान्ति प्रक्रिया अगाडि बढाउने क्रममा राजतन्त्रको अन्त्य, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना, राज्यको अग्रगामी पुनःसंचना र सङ्घीय तथा समावेशी शासन प्रणालीको स्थापनाजस्ता




• धुम्बाराहीः फोनः +९७७ १ ४३७८०५५, ४३७८०९०, फ्याक्सः +९७७ १ ४०१५९८० • पेरिसडाँडाः फोनः +९७७ १ ४६०२२९०, ४६०२२८८, फ्याक्सः +९७७ १ ४६०२२८९
पोष्टबक्स नं. ५४७१, ईमेल : info@ncp.org.np, वेबपेजः www.ncp.org.np

दूरगामी एवम् युगान्तकारी महत्वका राजनीतिक काम सम्पन्न गरिएका छन्। यी सबै उपलब्धिहरूलाई संस्थागत गर्न संविधानसभाबाट नेपालको संविधान निर्माण तथा जारी गर्ने ऐतिहासिक काम सम्पन्न भएको छ। संविधानमा जनताका मौलिक अधिकारहरू संस्थागत हुनु, सामाजिक न्याय सुनिश्चित गरिनु र संविधानले राष्ट्रको भावी मार्गचित्रको रूपमा समाजवाद-उन्मुख राज्य र समाजवाद-उन्मुख अर्थतन्त्रको प्रत्याभूति गर्नु नेपालको शान्ति प्रक्रियाको मौलिक र महत्वपूर्ण उपलब्धि हो।

शान्ति प्रक्रियाको महत्वपूर्ण पक्षको रूपमा रहेको माओवादी लडाकुहरूको समायोजन र व्यवस्थापनको काम सफलतापूर्वक सम्पन्न भएको छ। पूर्व लडाकुहरूमध्ये केहीले नेपाली सेनामा समायोजन भएर मुलुकको सार्वभौमसत्ता, राष्ट्रियता र भौगोलिक अखण्डताको रक्षाजस्ता महत्वपूर्ण काममा योगदान गरिरहनुभएको छ भने अधिकांशले स्वेच्छिक अवकाशको विकल्प चयन गरेर राजनीतिक र सामाजिक क्षेत्रमा सक्रिय तथा आर्थिक उत्पादन र स्वरोजगारमा संलग्न हुनुभएको छ। हजारौं लडाकुहरूको सहज र स्वेच्छिक व्यवस्थापन गर्दै समायोजनको काम सम्पन्न हुनु नेपालको शान्ति प्रक्रियाको विशिष्ट र उदाहरणीय पक्ष हो।

तर अझै पनि शान्ति प्रक्रियाको सबै काम पूरा हुनसकेको छैन। तसर्थ शान्ति प्रक्रियाका बाँकी कामहरूलाई यथाशीघ्र सम्पन्न गर्दै सामाजिक सद्भाव, मेलमिलाप र एकतालाई नयाँ उचाइमा उठाउन र यसबाट सिर्जना हुने उर्जा र उत्साहलाई राष्ट्र निर्माणको काममा लगाउनु जरुरी छ।

शान्ति प्रक्रियाको महत्वपूर्ण पक्ष रहेको सत्य निरूपण र मेलमिलाप आयोग तथा वेपत्ता व्यक्तिहरूको छानविन सम्बन्धी आयोगको काम टुङ्ग्याउन अझै बाँकी छ। लामो छलफल र संवादको प्रक्रिया पार गरेर वेपत्ता पारिएका व्यक्तिको छानवीन, सत्य निरूपण तथा मेलमिलाप सम्बन्धी ऐन निर्माण र संशोधन गरियो। दुई बेग्ला-बेग्लै आयोगहरू गठन भए। शान्ति प्रक्रियाका बाँकी काम नटुङ्गिगदा दिगो शान्ति स्थापनाका प्राप्त उपलब्धिहरू ओझेलमा पर्ने र चुनौती थपिन सक्ने सम्भावना रहन्छ। शान्ति प्रक्रियाका बाँकी कामहरू समयमा सम्पन्न गर्ने, पीडितहरूमा असन्तुष्टि र पीडा थपिन नदिने, विषयको संवेदनशीलता माथि खेल्न नदिने र विश्वमै उदाहरणीय रहेको नेपालको शान्ति प्रक्रियामाथि अनावश्यक प्रश्न उठ्न नदिने गरी समस्याको समाधान गर्न जरुरी छ।

नेपालको शान्ति प्रक्रियालाई लिएर कतिपय पक्षहरूले अनावश्यक चासो राख्नु र गैरकूटनीतिक अभिव्यक्ति दिनु अनुचित कुरा हो। हाम्रो पार्टी शान्ति प्रक्रियाका बाँकी कामहरूलाई पनि मौलिक ढङ्गले सम्पन्न गर्न र समाजमा एकता र मेलमिलापलाई सुदृढ गर्न दृढ सङ्कल्पित छ। शान्ति प्रक्रियाको मूल मर्म भनेको सत्य निरूपण र मेलमिलाप हो भन्ने कुरालाई केन्द्रबिन्दुमा राखेर बाँकी कामहरू अगाडि बढाउनुपर्दछ। शान्ति प्रक्रियाका बाँकी कामहरू यथाशीघ्र सम्पन्न गर्न निम्नानुसार गर्ने :



• धुम्बाराही: फोन: +९७७ १ ४३७८०५५, ४३७८०९०, फ्याक्स: +९७७ १ ४०१५९८० • पेरिसडाँडा: फोन: +९७७ १ ४६०२२९०, ४६०२२८८, फ्याक्स: +९७७ १ ४६०२२८९
पोष्टवक्स नं. ५४७१, ईमेल : info@ncp.org.np, वेबपेज: www.ncp.org.np

१३.१ बेपत्ता पारिएका व्यक्तिको छानवीन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोगलाई आवश्यक साधन स्रोत उपलब्ध गराउने ।

१३.२ आयोगहरूबाट परिपूरण, क्षतिपूर्ति र अन्य आवश्यक सिफारिसका सन्दर्भमा पीडित परिवारसँग परामर्श गर्ने र यसअघि प्रदान गरिएको राहत पाउन बाँकीलाई राहत प्रदान गर्ने ।

१३.३ सशस्त्र र शान्तिपूर्ण आन्दोलनका क्रममा घाइते तथा अङ्गभङ्ग भई कष्टपूर्ण जीवन बिताउन बाध्य योद्धाहरूको उपचारको प्रबन्ध गर्ने । असक्त र घाइतेहरूका लागि जीवन निर्वाहको व्यवस्था गर्ने ।

१३.४ शान्ति प्रक्रियाका बाँकी कामहरू शीघ्र सम्पन्न गर्न अनुकूल हुनेगरी बेपत्ता पारिएका व्यक्तिको छानवीन र सत्य निरूपण तथा मेलमिलाप आयोग ऐनमा संशोधन गर्ने र यसका लागि विज्ञसहितको आवश्यक संरचना निर्माण गर्ने । यस कार्यमा सहजीकरण गर्न प्रमुख राजनीतिक दलका प्रतिनिधिहरू सम्मिलित राजनीतिक संयन्त्रण निर्माण गर्ने ।

१३.५ सशस्त्र द्वन्द्वमा ज्यान गुमाएका व्यक्तिहरूलाई सम्मान गर्ने । स्थानीय तहमा सबै पीडितहरूको बीचमा मेलमिलापलाई सुदृढ गर्ने काम गर्न प्रदेश र स्थानीय तहहरूलाई उत्प्रेरित गर्ने । पार्टीका स्थानीय कमिटीहरूले यस सम्बन्धी काममा सघाउने ।

१३.६ नेपालको मौलिक शान्ति प्रक्रियाका उपलब्धि र अनुभवहरूलाई अभिलिखित गरी जनता र अन्तर्राष्ट्रिय समुदायमा पुऱ्याउने ।

१३.७ शान्ति प्रक्रियाका बाँकी रहेका सम्पूर्ण काम एकबर्ष भित्र सपन्न गर्ने ।

**१४. प्रतिष्ठानहरूको व्यवस्थापन तथा सञ्चालन विधि निश्चित गर्ने**

पार्टीका विभिन्न नेताका नाममा विभिन्न प्रष्ठिान वा संघ/संस्थाहरू परिचालित छन् । यी मध्ये अधिकाँश गुटबन्दीको माध्यम बन्दै गएका छन् । गुटबन्दी रोक्न प्रतिष्ठानहरूलाई नियमन गर्न जरुरी छ । त्यसका लागि निम्नानुसार गर्ने :

पार्टीले यस्ता संस्थाहरूमा नेता वा कार्यकर्ताको संलग्नता र तिनको आर्थिक स्रोत तथा क्रियाकलापका बारेमा तथ्यपरक जानकारी प्राप्त गर्ने । त्यस्ता संस्थाहरूमा पार्टीका नेता, कार्यकर्ता वा सदस्यहरूको संलग्नताको स्वरूप निश्चित गर्ने । सचिवालयले प्रतिष्ठानहरूको सञ्चालन, व्यवस्थापन तथा नियमन विधि निश्चित गर्न स्पष्ट कार्यादेशसहित कार्यदल गठन गर्ने । कार्यदलको प्रतिवेदन प्राप्त भएपश्चात् त्यसउपर छलफल गरी आवश्यक निर्णय लिने । तबसम्मका लागि पार्टीद्वारा गठित वा पार्टीका नेता कार्यकर्ता सम्मिलित कुनै पनि प्रष्ठिानहरूलाई प्रदेश, जिल्ला र स्थानीय तहमा शाखा गठन नगर्न र गतिविधि नगर्न निर्देशन दिने ।



• धुम्बाराही: फोन: +९७७ १ ४३७८०५५, ४३७८०९०, फ्याक्स: +९७७ १ ४०१५९८० • पेरिसडाँडा: फोन: +९७७ १ ४६०२२९०, ४६०२२८८, फ्याक्स: +९७७ १ ४६०२२८९
पोष्टबक्स नं. ५४७१, ईमेल : info@ncp.org.np, वेबपेज: www.ncp.org.np

**१५. मिलेनियम च्यालेञ्ज कम्प्याक्ट सम्झौताका सम्बन्धमा निम्नानुसार गर्ने**

नेपाल सरकार र अमेरिकी सरकारको संस्था मिलेनियम च्यालेञ्ज कर्पोरेशन बीच सन् २०१७ मा सम्पन्न भएको मिलेनियम च्यालेञ्ज कम्प्याक्ट सम्झौता यतिबेला संसदमा अनुमोदनको लागि विचाराधीन अवस्थामा छ । उक्त सम्झौताका सम्बन्धमा निर्णयमा पुग्नु अघि आवश्यक अध्ययन गरी सुझावसहितको प्रतिवेदन प्रस्तुत गर्न केन्द्रीय कमिटीको दोस्रो बैठकबाट कार्यदल गठन गरिएको थियो । कार्यदलले आफ्नो प्रतिवेदन प्रस्तुत गरिसकेको छ । मिलेनियम च्यालेञ्ज कम्प्याक्ट सम्झौता र सो सम्बन्धी कार्यदलको प्रतिवेदन उपर स्थायी कमिटी र सचिवालयमा छलफल गर्ने । उक्त सम्झौतालाई राष्ट्रिय हीतमा स्पष्ट पार्दै आवश्यकता अनुसार परिमार्जन र संशोधन गरी अनुमोदन गर्ने ।

**१६. अध्यक्षद्वय तथा कार्यदललाई धन्यवाद :**

२६ भदौ २०७७ मा सम्पन्न स्थायी कमिटीको यस बैठकले कार्यदल गठन भएको एक हप्ताभित्र सहमतिका साथ प्रतिवेदन प्रस्तुत गरेकोमा कार्यदललाई धन्यवाद ज्ञापन गरेको छ । त्यसैगरी कार्यदलको प्रतिवेदन माथि आधारित भएर सचिवालयको बैठकमा व्यक्त विचारलाई समेत यथोचित ध्यान दिँदै स्थायी कमिटीको बैठकसमक्ष निर्णय प्रस्ताव प्रस्तुत गर्नुभएकोमा अध्यक्षद्वयलाई धन्यवाद ज्ञापन गरेको छ ।

कमरेडहरू, कटूतापूर्ण अन्तर्विरोधको चक्र पार गर्दै सर्वसम्मतिका साथ निर्णयमा पुग्न सफल स्थायी कमिटीको यो बैठक हरेक दृष्टिले ऐतिहासिक महत्वको हुनपुगेको छ । हाम्रासामू स्थायी कमिटीको यस बैठकका निर्णयहरूको महत्वलाई ठीक ढंगले आत्मसात् गर्ने र सक्रिय एवम् सिर्जनशील भएर तिनको कार्यान्वयनमा लाग्ने गुरुत्तर जिम्मेवारी आएको छ। आउनुहोस्, एकता र सक्रियताका साथ निर्णयहरूको कार्यान्वयनमा जुटौं । देश र जनताको पक्षमा उपलब्धिहरूका नयाँ-नयाँ कीर्तिमान कायम गर्दै अघि बढौं ।

**केपी शर्मा ओली**
**अध्यक्ष**

**पुष्पकमल दाहाल प्रचण्ड**
**अध्यक्ष**




• धुम्बाराही: फोन: +९७७ १ ४३७८०५५, ४३७८०९०, फ्याक्स: +९७७ १ ४०१५९८० • पेरिसडाँडा: फोन: +९७७ १ ४६०२२९०, ४६०२२८८, फ्याक्स: +९७७ १ ४६०२२८९
पोष्टबक्स नं. ५४७१, ईमेल : info@ncp.org.np, वेबपेज: www.ncp.org.np